आज मिति २०८३ साल जेष्ठ महिनाको ६ गते चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाको अध्यक्ष श्री लोकेन्द्र वहादुर घलेज्यूको अध्यक्षतामा वसी निम्न उपस्थितिमा देहाय वमोजिमको निर्णयहरु गरियो ।

उपस्थितिः

१. अध्यक्ष - श्री लोकेन्द्र वहादुर घले

२. उपाध्यक्ष - श्री मिडमार ढोमा लामा

३. सदस्य - श्री खडग जंग गुरुङ

४. सदस्य - श्री मंगल देव गुरुङ

५. सदस्य - श्री विनोद लामा

६. सदस्य - श्री धावा छिरिङ लामा (का.वा. वडा अधयक्ष)

७. सदस्य - श्री कैले गुरुङ

८. सदस्य - श्री दो पाल्मा लामा

९. सदस्य - श्री कान्छी गुरुङ

१०. सदस्य - श्री नविना परियार

११. सदस्य - श्री गम माया गुरुङ

१२. सदस्य - श्री गणेश घले

१३. सदस्य - श्री फूर्पा फिन्जो घले

१४. सदस्य सचिव- श्री विना देवी शर्मा

अन्य उपस्थितिहरु :

१. राम कुमार श्रेष्ठ प्रशासकीय अधिकृत, चामे गाउँपालिकाको कार्यालय

२. नम नारायण मल्ल, लेखा अधिकृत, चामे गाउँपालिकाको कार्यालय

३. सुरेश कुमार शर्मा प्रशासन सहायक, चामे गाउँपालिकाको कार्यालय

**<u>प्रस्तावहरु:</u>**

१. अघिल्लो गाउँ कार्यपालिकाको बैठकको समिक्षा सम्वन्धमा ।

२. मनाङ मस्याङ्गदी हाइड्रोपावर कम्पनीको सामुदायिक सहयोग कार्यक्रम (CSP) अर्न्तगत योजना छनौट तथा सिफारिस सम्वन्धमा ।

३. योजना फरफारक समिति गठन सम्वन्धमा ।

४. अन्तरपालिका सिकाई, अध्ययन तथा अवलोकन भ्रमण सम्वन्धमा ।

५. गण्डकी प्रदेश सरकारसँग योजना माग गर्ने सम्वन्धमा ।

६. वडा नं. २ कार्यालय भवन निर्माणको अन्तिम विल भुक्तानी सम्वन्धमा ।

७. विविध ।

**<u>निर्णयहरु :</u>**

१. अघिल्लो गाउँ कार्यपालिकाको बैठकको निर्णयहरुको कार्यान्वयन अवस्थाको समिक्षा गरियो ।

२. प्रस्ताव नं. २ को सम्वन्धमा छलफल गर्दा सन २०२६ को लागी मनाङ मस्याङ्गदी हाइड्रोपावर कम्पनीको सामुदायिक सहयोग कार्यक्रम (CSP) अर्न्तगत यस चामे गाउँपालिकाको लागी तपशिल वमोजिमका योजनाहरुमा बजेट वाडफाँडको लागी सिफारिस गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | जम्मा बजेट | कैफियत |
|---|---|---|---|
| १. | तिमाङ गुम्वा तारवार | रु. १५,००,००० | |
| २. | गौरीशंकर विधालयको छात्रावास अगाडी ट्रस, शौचालय र वाथरुम निर्माण | रु. २०,००,००० | |
| ३. | तिमाङ आमा समूह भवन तथा ट्रस निर्माण | रु. २०,००,००० | |
| ४. | स्याँक्यू कृषि योग्य क्षेत्रमा तारवार | रु. २५,००,००० | |
| ५. | थान्चोक आमा समूह भवन | रु. ३०,००,००० | |
| ६. | कोतो गुम्वा निर्माण | रु. ७०,००,००० | |
| ७. | श्री लोकप्रिय मा.वि.मा खेलमैदान निर्माण | रु. २०,००,००० | |
| ८. | पोङदान भिउ टावर जाने गोरेटो बाटो निर्माण | रु. १५,००,००० | |
| ९. | चामे गा.पा.का सम्पूर्ण व्यवसायीहरुलाई क्षमता विकास कार्यक्रम | रु. १०,००,००० | |
| १०. | विभिन्न सरकारी कार्यालयहरुमा सामाग्री खरिद | रु. ४०,००,००० | |
| | जम्मा | रु. २,६५,००,००० | |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा चामे गाउँपालिका कार्यालयले तयार गरेको योजना अनुगमन मुल्याङ्कन तथा फरफारक एवं भुक्तानी कार्यविधि,२०८२ बमोजिम गठन गरिने योजना तथा कार्यक्रम फरफारक समितिमा कार्यपालिकाले मनोनयन गर्ने २ जना सदस्य रहने व्यवस्था बमोजिम तपशिल सदस्यलाई उक्त समितिको सदस्यको रुपमा मनोनयन गर्ने निर्णय गरियो ।

तपशिल :

क) श्री कान्छी गुरुङ कार्यपालिका सदस्य

ख) श्री नविना परियार कार्यपालिका सदस्य

ग) प्र.प्र.अ.ले तोकेको अधिकृत स्तरको कर्मचारी श्री राम कुमार श्रेष्ठ

४. प्रस्ताव नं. ४ को सम्वन्धमा छलफल गर्दा चामे गाउँपालिकाको सेवालाई प्रभावकारी वनाउन, अन्तरपालिकाको असल अभ्यासहरुको सिकाईलाई ग्रहण गरि कार्यान्वयन गर्न चामे गाउँपालिका कार्यालयले तयार गरेको अन्तरपालिका सिकाई, अध्ययन तथा अवलोकन भ्रमणको प्रस्तावना स्वीकृत गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ को सम्बन्धमा छलफल गर्दा आगामी आ.व. २०८३/०८४ को लागी गण्डकी प्रदेश सरकार अर्न्तगत विभिन्न मन्त्रालयहरुसँग तपशिल बमोजिमका योजना तथा बजेट माग गर्ने निर्णय गरियो ।

| क.सं. | योजनाको नाम | मन्त्रालयको नाम | जम्मा बजेट | कैफियत |
|---|---|---|---|---|
| १. | लमजुङ वेशक्याम्प जाने मोटर बाटो स्तरोन्नती | भौतिक पूर्वाधार विकास तथा यातयात व्यवस्था मन्त्रालय | रु.३ करोड | |
| २. | गुरु पद्मसम्भव पार्क निर्माण | उधोग तथा पर्यटन मन्त्रालय | रु. ५० लाख | |
| ३. | तिमाङ लालिगुरास पार्क निर्माण | उधोग तथा पर्यटन मन्त्रालय | रु. २० लाख | |
| ४. | थान्चोक वस्ती संरक्षण | वन तथा वातावरण मन्त्रालय | रु. ३० लाख | |
| ५. | स्याक्यू खानेपानी निर्माण | उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय | रु. ३० लाख | |
| ६. | कोतो गुम्बा संरक्षण | वन तथा वातावरण मन्त्रालय | रु. ३० लाख | |
| ७. | पोङदान भिउ टावर जाने गोरेटो बाटो निर्माण | उधोग तथा पर्यटन मन्त्रालय | रु. ३० लाख | |

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा चामे गाउँपालिका वडा नं. २ को वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न भई अनुगमन समिति बाट अनुगमन भई फरफारक समेत गराई उक्त निर्माण कार्यको अन्तिम विल रकम भुक्तानी दिने निर्णय गरियो ।

७. खप्ने सामानहरुको लिलाम विक्रि समिति गठन सम्वन्धमा ।

यस चामे गाउँपालिका कार्यालयको आ.व. २०८१/०८२ को जिन्सी निरिक्षण गरि प्रतिवेदन समेत पेश भईसकेको प्रतिवेदनमा उल्लेखित लिलाम विक्रि गर्नुपर्ने सामान तपशिल वमोजिम लिलाम गर्ने कार्यको लागी समिति गठन गर्ने निर्णय गरियो ।

क) संयोजक श्री नम नारायण मल्ल (लेखा अधिकृत)

ख) सदस्य श्री दिपेन्द्र गोदार (सूचना प्रविधी अधिृत)

ग) सदस्य कोष तथा लेखा नियन्त्रण कार्यालयको प्रतिनिधी

घ) सदस्य जिल्ला प्रशासन कार्यालयको प्रतिनिधी

ङ) सदस्य सचिव श्री राम कुमार श्रेष्ठ (प्रशासकीय अधिकृत)

८. शाखा कार्यालय स्थापना सम्वन्धमा ।

चामे गाउँपालिका कार्यालय अर्न्तगत रहेका कृषि विकाश शाखा र पशु सेवा शाखाको शाखा कार्यालय चामे गाउँपालिका वडा नं. १ स्याक्यूमा रहेको वडा कार्यालय भवनमा स्थापना गर्ने निर्णय गरियो ।

९. क्रमागत योजनाको रुपमा बजेट सुनिश्चितता सम्वन्धमा ।

चामे गाउँपालिका कार्यालयको आ.व. २०८२/०८३ वार्षिक बजेट तथा कार्यक्रममा तपशिल वमोजिमका योजनाको लागी बजेट विनियोजन भएकोमा लागत अनुमान तयार गरि कार्य गर्दा बजेट अपुग हुन गएकोले उक्त योजनाहरु क्रमागत योजनाको रुपमा राखि आ.व. २०८३/०८४ मा वजेट सुनिश्चितता गर्ने गरी लागत अनुमान वमोजिम कार्य अगाडी बढाउने निर्णय गरियो ।

तपशिल :

क) कोतो हेलिप्याड निर्माण

ख) थान्चोक वडा तथा स्वास्थ्य भवन वायरिङ कम्पाण्डीङ लगायत अन्य निर्माण ।

ग) तातोपानि कुण्डमा ट्रस्ट लगायतका संरचना निर्माण ।

घ) लमजुङ वेशक्याम्प जाने मोटरबाटो स्तरोन्नती ।

९. चामे सिटिहल साउण्ड एब्जरवर जडानको लागी लागत अनुमान तयार गर्ने कार्यमा स्थानीय दररेट कायम गर्ने सम्वन्धमा ।

चामे गाउँपालिकाको आ.व.२०८२/०८३ को वार्षिक वजेट कार्यक्रममा चामे सिटिहल साउण्ड एब्जरवर जडान कार्यको लागी वजेट विनियोजन भएकोमा जिल्ला दररेटमा दररेट उल्लेख नभएकोले ३ वटा फर्महरुसँग दररेट माग गर्दा औषत लागत अनुमान जडान र जनशक्ति सहित Wall Soundproof Work Providing and fixing acoustic wall panels with 50mm thick glass wool core (60kg/m3) with perforated 10mm gypsum facing, fixed in metal framework, complete with scaffolding fastness, Labour and installation as directed per engineer प्रति Square Meter रु.६,२३८.२० कायम गर्ने निर्णय गरियो ।

१०. स्थानीय दररेट कायम गर्ने सम्वन्धमा ।

चामे गाउँपालिकामा रहेको सिटिहलमा व्याडमिन्टन म्याट विच्छाउनको लागी जिल्ला दररेट नभएकोले Supplying and Installation of PVC mat with 6mm thickness having five layers in green color as per standard badminton court and instruction of an engineer को लागी प्रति Square Meter रु.४१९७.९३ कायम गर्ने निर्णय गरियो ।

११. थान्चोक आमा समूह भवनको शौचालय मर्मत

चामे गाउँपालिका वडा नं. २ थान्चोकमा रहेको आमा समूह भवनको शौचालय मर्मत कार्यको लागी भैपरी आउने पूँजीगत शिर्षकमा रहेको बजेटवाट रु.२,५०,००० विनियोजन गर्ने निर्णय गरियो ।